# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-४९, पौष, २०७३


## भित्र


चेपाङ अझै माथि उठ्न सकेका छैनौं ....................................२

आफैं काम गर्नुपर्छ भन्ने सिके.........................................२

क्षतिपूर्ति दिन हाकिमले वास्ता गर्दैनन्.......................................३

घाँस-सोत्तर गर्न मुस्किल छ....३

भूकम्पप्रतिरोधी डकर्मी तालिम ...................................................४

ठाकुरबाबा मन्दिर सबैका लागि खुल्ला...............................४

उद्यमशील तालिम.....................४

गजुरीमा अन्तर्क्रिया.................५

कृषि तालिम सञ्चालन............५

सोलार जडान तालिम..............५

आर्थिक सुशासन तथा लेखा व्यवस्थापन तालिम .................६

त्रैमासिक समीक्षा......................६

संविधानमा स्थानीय सरकार..७

मासु पसलले फेरेको जीवन....८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# सांसद्सँग सामाजिक परिवारको छलफल

सप्तरी : नेपाल लोकतान्त्रिक फोरमका सांसद् डा. सुवोधकुमार पोखरेलसँग सप्तरीको डिमन गाविसस्थित नौ वटा सामाजिक परिवारहरूका सदस्यहरूले आफ्नो सरोकारका विषयमा छलफल गरेका छन् । २०७३ पुस २८ गते आयोजित उक्त कार्यक्रममा सामाजिक परिवारका १४३ जना सदस्यले सक्रिय सहभागिता जनाएका थिए ।

सामाजिक परिवारका सदस्यहरूले सांसद्सँग गाविसको बजेट तोकिएको मापदण्डअनुसार सम्बन्धित ठाउँमा खर्च नगरेको र भागबण्डामा पहुँचवालाले मात्र बाँड्ने गरेको गुनासो गरेका थिए। उनीहरूले स्वास्थ्यचौकीबाट ७० प्रकारका औषधि नि:शुल्क वितरण हुनुपर्ने कानुनी व्यवस्था भए पनि डिमनबासीले कुनैपनि औषधि नि:शुल्क नपाएको गुनासो गरेका थिए। उनीहरूले सांसद् पोखरेलसँग आफूहरूको गुनासो सम्बन्धित ठाउँमा पुऱ्याइदिन पनि आग्रह गरेका थिए । सामाजिक परिवार सदस्यको माग थियो । 'सामाजिक परिवारका अधिकांश सदस्यहरू ऐलानी जग्गामा बसोबास गर्दै आएका छौं । लालपुर्जा पाउने व्यवस्था मिलाइदिनुपऱ्यो ।' सांसद् डा. सुवोध पोखरेलले सामाजिक परिवारहरूको गुनासो र दुखेसो सुनेपछि त्यसलाई सम्वोधन गर्दै भने, 'तपाईंहरूका समस्या सुन्दा मलाई दु:ख लागेको छ । समस्या समाधानको लागि सक्दो पहल गर्नेछु ।' उनले अरु गाविसको तुलनामा डिमन गाविस विकासमा पछाडि परेकाले यस क्षेत्रका अन्य सांसद्हरूसँग सरसल्लाह गरी अगाडि बढ्ने बताए। उनले दलित र विपन्नहरूका लागि जनता आवास कार्यक्रममा सहभागी गराउन पहल गर्ने पनि वाचा गरेका थिए।

# 'चेपाङ अझै माथि उठ्न सकेका छैनौं'

**चेपाङको अवस्था कस्तो छ ?**
गीतबाट सुरु गरौं- 'दिउँसो चेपाङ् चिउरी बोटैमा, राती चेपाङ् लाली ओठैमा..... ।' चेपाङ जाति सधैंभरि रूखमा चढेर चिउरी खाइबस्थे । चिउरी छउञ्जेल चिउरी खायो, सकिएपछि गिठ्ठा-भ्याकुरतिर लाग्यो । गिठ्ठा-भ्याकुर सिद्धिएपछि के खाने ? त्यसपछि त साहुको घरमा त जानै पऱ्यो । साहुको घरका मान्छेले भन्ने गर्थे- गिठ्ठा-भ्याकुर खाने जात, जुठो थालमा दिए पनि चाटेर जान्छ । हामी चेपाङको अवस्था अझै माथि उठ्न सकेको छैन ।

**तपाईं कसरी सामाजिक परिवारमा आबद्ध हुनुभो ?**
धेरै वर्षअघि रुद्र कोइराला सर हाम्रो गाउँमा आउनुभयो । पाखाको ओडारमा बसेका मान्छे, हामी बोल्ने कुरै आएन । भाग्दै थिएँ तर उहाँले बोलाउनुभो । 'नानी-नानी, तपाई कता भाग्नुभएको, एकछिन बस्नुस् न ! तपाईंलाई हामी केही गर्दैनौं, एउटा सल्लाह मात्र लिने हो', उहाँले त्यसबेला भन्नुभएको थियो । म डरले काँप्दै आएको थिएँ । भोलिपल्ट नै (२०६३ साल माघ ११ गते) आउनुभयो र समूह गठन गर्नुभयो । हामी जम्मा २० जना सबै डरले काप्ने मात्रै थियौ । सबै तरिकाहरू सिकाइदिनुभयो । समूहमा ५/५ रुपैया जम्मा गर्न थाल्यौं । २/२ महिना गरेर सरहरू सिकाउन आउनुहुन्थ्यो । म अहिले तपाईंहरूको सामु उभिएर बोल्न सक्ने भएको छु ।



**रहीमाया चेपाङ, अध्यक्ष**
**थाक्रे-कालिका सामाजिक परिवार**
**थाक्रे-४, धादिङ**

**सामाजिक परिवारमा बस्दा र नबस्दा के फरक भयो ?**
सामाजिक परिवारले गर्दा ऋण माग्न साहुकहाँ जानुपरेको छैन । हामीले २ लाख ५० हजार जम्मा गरिसकेका छौं । सामाजिक परिवार नभएको भए म पनि यति बोल्न जान्ने हुन्नथें । मेरा ३ जना छोराछोरी छन् । सबै पढ्छन् । छोराछोरीमा भेद्भाव गर्दिनँ ।●

# 'आफैं काम गर्नुपर्छ भन्ने सिकें'



**कमला कुमाल, अध्यक्ष**
**फुलबारी सामाजिक परिवार**
**बोर्लाङ-८, गोरखा**

**कुमालहरूको दिनचर्या कसरी चल्दैछ ?**
पहिले कुमाल समुदायका व्यक्तिहरू आफ्नो जग्गाजमिनमा जति हुन्छ काम गर्थे । काम नभएको बेला कोही दिनभरि सुतेर बिताउँथे । कोही खोलामा गएर माछा मारी खाने गर्थ्यौं । हामीसँग सुक्को पैसा थिएन, रोजगारी पनि केही थिएन । हली बस्ने, जोत्ने काम गरेर परिवार पाल्नुपर्थ्यो ।
सामाजिक परिवारभित्र छिरेपछि समूह बनायौं, बचत गर्न सिक्यौं । अहिले त्यहीँबाट ऋण लिएर काम चलाउछौं । पहिलाजस्तो सधैं अर्काको हलो जोतेर खाएर पुग्दो रहेनछ । आफैं काम गरी खानुपर्छ भन्ने सिक्यौं । समग्र विकास सेवा केन्द्रका सरहरूले नागरिकता बनाउनुपर्छ, आफूले खान आफैं काम गर्नुपर्छ भन्ने चेतना दिनुभो ।

**तपाईंहरूले थाल्नुभएको व्यवसायको अवस्था कस्तो छ ?**
हामी कुखुरापालन, बाखापालनमा लागेका छौं । आफ्नो जग्गा भएकाले खेतिपाती पनि गर्छौं । छोराछोरी राम्रोसँग पढाउछौं । कोही विदेश जानुभएको छ । पहिला हाम्रो सामाजिक परिवारमा ३० जना दिदीबहिनी थियौं, अहिले ४१ जना भएका छौं । हामीले मासिक २० रुपैयाँ बचत गर्छौं ।
२०६४/६५ सालदेखि २० रुपैयाँ बचत गर्दै अहिले लगभग एक लाख रुपैयाँ पुऱ्याएका छौं । आफूभित्र भएका समस्याहरू छलफल गर्छौं । छलफलबाटै छानेर दिदीबहिनीहरूमा ऋण लगानी गर्छौं । अहिले केही दाजुभाइहरू पनि सदस्य हुनुभएको छ ।

**२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको अवस्थामा कस्तो रह्यो ?**
भूकम्पले गर्दा धेरैजस्तो घरहरू भत्किए । हामी पीडित भयौं । त्यो अवस्थामा अरु सामाजिक परिवार र अन्यत्रबाट धेरै सहयोग पायौं । अहिले टहरोमा कसैको ढोका छैन, कसैको बार छैन । सर्पको पनि डर छ । त्यसकारण हामीलाई घर बनाउन राहत पाउनुपर्ने कुरा राख्न चाहन्छु ।

**यीबाहेक अरू समस्या पनि केही छन् तपाईंहरूको ?**
हामी भूकम्पपीडित हौं । त्यसबाहेक बुढीगण्डकी जलविद्युत आयोजनाको डुवान क्षेत्रका बासिन्दा पनि हौं । हाम्रो बस्ती डुब्ने अवस्थामा छ । घर बनाई हाल्यौं भने पनि डुबाउने हो कि भन्ने डर छ । घर नबनाउँदा पनि आफ्नो बस्ने ठाउँ छैन ।●

# 'क्षतिपूर्ति दिन हाकिमले वास्ता गर्दैनन्'

**पश्चिम कुशाहाबासीको समस्या के हो ?**

कोशी टप्पुमा जंगली हात्ती आएर गाउँलेलाई दु;ख दिन्छ। आगँनमै पसेर मान्छे मारिदिन्छ। मान्छे मरेन भने क्षतिपूर्ति ३०/३५ वा ४० हजार रुपैयाँ दिन्छ, यदि मान्छे मार्‍यो भने परिवारलाई ५/६ लाख दिन्छ। क्षतिपूर्ति पाउन निवेदन दिनुपर्छ तर हाकिमले वास्तै गर्दैनन्। घाँसदाउराको समस्या पनि उस्तै छ। काठदाउरा पानीमा बगेर जान्छ तर त्यो निकाल्न पाइँदैन। गाईबस्तु चराउँदा कहिलेकाहीँ भित्र गइदिन्छ, सैनिकले लिएर जान्छन्। हामी गाईको सय र भैंसीको दुई सय हर्जाना तिरेर ल्याउँछौं। हामीले क्षतिपूर्ति माग्दा चाहिँ पाउदैनौं।

**कोशी बाँधले दिएको पीडा कस्तो हो ?**

हाम्रो बस्ती कोशीबाँध फुटेको ठाउँनजिकै छ। हामी बाँधपीडित पनि हौं। २०६५ सालको कुरा हो, हामी सुतिसकेका थियौं। राति १० बजे बाँध फुट्ने भो भनेर हल्ला आयो। हामी रातभरि कोशी टप्पु वन्यजन्तु आरक्षकको कार्यालयमा गएर बस्यौं। बाँध फुटेन। बिहान घरमा आएर चामल र गाईवस्तु फुकाएर फेरि माथि गयौ। भात पकायौं, खायौं। अनि बाँध फुट्यो।

त्योबेला हामीले कोशीपीडित कार्ड बनाउन पाइन्थ्यो। जसको पहुँच र शक्ति थियो, उनीहरुले सजिलै परिवारका प्रत्येक सदस्यको नाममा कार्ड बनाए। हामीले आफ्नो परिवारको एउटा मात्र कार्ड बनायौं। त्यतिबेलासम्म हामी सामाजिक परिवारमा आबद्ध भएका थिएनौं। दुई वर्ष मात्र भयो सामाजिक परिवारको सदस्य भएको।

**सामाजिक परिवारमा लागेपछि चाहिँ के-के फाइदा पाउनुभयो ?**

सामाजिक परिवारमा लागेपछि सबैभन्दा ठूलो कुरा हामीले बोल्न र संगठित हुन सिक्यौं। पहिले अरुसँग कसरी बोल्ने, कहाँ गएर के अधिकार खोज्ने भन्ने थाहा थिएन। अहिले हाम्रो छुट्टै पहिचान छ। अहिले थाहा भो- सुकुम्बासीले बाढीपीडित हुँदा ३० क्यू. फिट काठ र ५० हजार रुपैँयाँ पाउने रहेछन्। हामी छुटेका रहेछौं। अहिलेसम्म केही गरेको छैन र काठमा पनि अहिलेसम्म छुटेकै छौं। अर्को, सुकुम्वासीले दुई कट्ठा जग्गा पाउनेमा पनि हामी छुटेका छौ। हामी कोशिश गरिरहेका छौं। ●



**शिवकुमारी उराउ, अध्यक्ष**
**कृषक महिला सामाजिक परिवार**
**पश्चिम कुशाहा-४, सुनसरी**

# 'घाँस-सोत्तर गर्न मुस्किल छ'

**ओखेनीबासीको समस्या के हो ?**

सुन्दरीजल क्षेत्रको ओखेनी यस्तो ठाउँ हो जहाँ यातायातको नै सुविधा छैन। यहाँ अरु केही सुविधा छैन। सबै ठाउँको गाँजा रोपिन्छ। प्रहरीले कसैको नष्ट गर्ने कसैको नगर्ने गर्नु भयो। हाम्रो वडामा मात्रै नष्ट गर्नुभो, अरु वडामा जानुभएन। काट्ने हो भने भएभरको सबै ठाँउको काट्नु पर्‍यो। हाम्रो वडामा मात्र किन काट्ने ?

घाँस-सोत्तर गर्न पनि कठिन छ। वनमा जाँदा वन्यजन्तुले लखेट्छ, सैनिकहरू पनि हामीलाई नै लखेट्छन्। मान्छेको रोजगारी नभएपछि गाँजा बेचेर पनि खानु परेन ? उपाय नभएपछि रक्सी बेचेर भए पनि पेट पाल्नु परेन ? ज्यान जोगाउन पनि केही गरेर खानु त पर्‍यो। निकुञ्जबाट बस्ती जानुपर्ने भएकोले प्रवेशमा पनि हामीलाई समस्या छ। हाम्रो ठाउँको मात्रै होइन, मूलखर्कदेखि चिलाउनीसम्म सबैको गाँजा काट्न पर्‍यो। हाम्रो वडाको मात्र होइन, सबै ठाउँमा गाँजाको खेती रोक्नुपर्‍यो। लागुपदार्थले हाम्रो बाल बच्चालाई पनि असर पार्छ भन्ने थाहा छ। त्यसैले हामीलाई जीविकोपार्जनको लागि विकल्प चाहियो।

**तपाईंको सामाजिक परिवारमा चाहिँ के गर्नुहुन्छ ?**

सामाजिक परिवारमा बसेको ५/६ महिना भएको छ। अहिले हामीले बाटो बनाउने एउटा काम गर्‍यौं। नियमित बचत गर्नेगरेका छौं। आयआर्जनका योजना बनाउँदै छौं। ●



**तारा तामाङ, उपाध्यक्ष**
**शिवपुरी दीपज्योति सामाजिक परिवार**
**गोकर्णेश्वर नगरपालिका-१, काठमाडौं**

# भूकम्पप्रतिरोधी डकर्मी तालिम



**गोरखा** : भूकम्पप्रतिरोधी घर बनाउने दक्ष जनशक्ति उत्पादनका लागि ४५ दिने डकर्मी तालिम सम्पन्न गोरखामा भयो । जिल्ला घरेलु तथा साना उद्योग विकास समितिको आर्थिक सहयोग र समग्रको सहजीकरणमा सञ्चार मार्ग सामाजिक परिवारमा उक्त तालिम सम्पन्न भएको हो, जसबाट १२ पुरुष र आठ महिला गरी २० जनाले तालिम लिएका छन् ।

तालिमप्राप्त डकर्मीहरू भूकम्प प्रतिरोधी घर निर्माणमा जुट्न थालेका छन् । त्यस्ता डकर्मीहरूले दिनको १५ सय रुपैयाँसम्म ज्याला पाउने भएका छन्, जुन यसअघि उनीहरूले पाउनेभन्दा बढी हो । तालिम अवधिमा सञ्चारमार्गमा दुईकोठे सामुदायिक भवन निर्माण भएको छ ।

त्यस्तै, बोर्लाङको फुलबारी सामाजिक परिवारमा पनि डेढमहिने डकर्मी तालिम सम्पन्न भएको छ । तालिममा छ महिला र १४ पुरुष गरी जम्मा २० जना सहभागी थिए । त्यहाँ पनि दुईकोठे सामुदायिक भवन निर्माण गरिएको छ ।

तालिमपछि रोजगारीको खोजीमा अन्यत्र जानु नपर्ने र आफ्नै गाउँमा काम पाइने हुँदा घरपरिवार रेखदेख गर्नसमेत भ्याइने सहभागीको भनाइ छ । उक्त कार्यक्रमका लागि घरेलु विकास कार्यालयबाट आर्थिक सहयोग प्राप्त भएको थियो । समग्र विकास सेवा केन्द्रले सामाजिक परिचालन गरेको थियो । ●

## ठाकुरबाबा मन्दिर सबैका लागि खुल्ला

सप्तरी: लोहजरा गाविस वडा नं. ३ मा ठाकुरबाबा तालको बीचमा रहेको ठाकुरबाबाको मन्दिर सबैका लागि खुल्ला गरिएको छ । यस क्षेत्रका १६ वटा समाजिक परिवारहरूको पहलमा अहिले सो मन्दिरदलितका लागि समेत खुल्ला गरिएको हो । यसअघि मन्दिरमा दलित समुदायलाई पूजाआजा गर्नबाट रोक लगाइएको थियो ।

यस क्षेत्रमा ‘उच्च जाति’ मानिने यादव, थारू, महतो, साह लगायतका जातिहरूले दलित जातिहरूलाई पूजा गर्नबाट रोक लगाउँदै आएका थिए । दलित अगुवा चितनारायण रामले भने, ‘सामाजिक परिवारको बैठक र गाविस स्तरीय कार्यक्रममा विभिन्न जनचेतनामूलक कार्यक्रम र जातीय छुवाछुतको विषयमा विभिन्न अन्तर्क्रिया र छलफल हुँदै आएका छन् । नागरिक समाज र राजनैतिक दलसँगको सहकार्यमा यो कार्य सम्भव भयो ।’ सामाजिक परिवारमा विभिन्न जातजातिको सहभागिता रहेको हुनाले यसमा सहयोग पुगेको उनले बताए । ●

# उद्यमशील तालिम



गोरखा : साना उद्योग तथा घरेलु कार्यालय गोरखाको आर्थिक सहयोग र समग्रको परिचालनमा गोरखा नगरपालिका, छोप्राक, धावा, धुवाँकोट, बालुवाटार गाविसहरूमा १० दिने उद्यमशीलतासम्बन्धी तालिम सञ्चालन गरियो । तालिममा कसरी लघु उद्यमी बन्ने, कसरी आफ्नो व्यापार-व्यवसाय बढाउने भन्ने सम्बन्धमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान सिकाइएको थियो । तालिममा महिला र पुरुषहरू गरी एक सय २५ जना सहभागी थिए । ●

# गजुरीमा अन्तर्क्रिया




धादिङ : धादिङको गजुरी, पीडा, कुम्पुर र बेनीघाट गाविसका परिचालित सामाजिक परिवारहरुका प्रतिनिधिहरू र गाविसका सेवा प्रदायी निकायहरूका प्रतिनिधिहरूबीच खुल्ला अन्तर्क्रिया भएको छ । स्थानीय स्तरमा विपन्नहरूको सामाजिक र आर्थिक अधिकारमा पहुँच अभिवृद्धि गर्न र राज्यका निकायहरूबाट उनीहरूमा सेवा प्रवाहमा मद्दत पुगोस् भन्ने उद्देश्यले २०७३ साल कार्तिक ८ गते आयोजित अन्तर्क्रियामा सामाजिक परिवारका प्रतिनिधिहरूले आफूले सेवा लिने क्रममा भोगेका अप्ठ्याराहरु गाविस सचिवहरूसमक्ष राखेका थिए ।

श्रोत केन्द्रमा अधिकांश दलित जनजाति, महिलासहित ६८ जनाको सहभागितामा भएको उक्त कार्यक्रममा सौहार्द्र रूपमा दोहोरो संवादसमेत भएको थियो । कार्यक्रममा अव यसलाई थप सहज कसरी बनाउने भन्ने विषयमा पनि छलफल गरिएको थियो । कार्यक्रममा सामाजिक परिवारका एक दलित महिलाले अस्पतालमा जाँदा अभिलेख नभेटेर थप उपचारका लागि समस्या परेर दु:ख पाएको घटना सुनाएकी थिइन् ।

उनको समस्यालाई संबोधन गर्दै त्यहाँका मेडिकल अफिसर डा. अम्रिता श्रेष्ठले आफू भर्खर मात्रै आएको, यसबारेमा थप बुझ्ने र अबदेखि यस्तो घटना दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गरिन् ।

त्यसैगरी गजुरी गा.वि.स. सचिव मनचन्द्र धमलाले आफ्नो कार्यालयबाट प्रवाह हुने सेवामा कहीं कसैलाई कुनै अप्ठ्यारो वा गुनासो भए निर्धक्कसँग राख्न खुल्ला आव्हान गरे । गजुरीको उज्यालो गाउँमा रहेको पञ्चकन्या सामाजिक परिवारका अध्यक्ष श्याम बिशुन्केले सहजीकरण गरेको उक्त अन्तर्क्रिया कार्यक्रममा समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापकले सुरुमा समग्रले गर्दै आएको कार्यक्रम बारे संक्षिप्त जानकारी दिँदै अन्तर्क्रियाको उद्देश्यबारे जानकारी दिएका थिए ।●

# कृषि तालिम सञ्चालन

सुनसरी : सुनसरीको पश्चिम कुशाहाका किसानहरू पात सुक्ने र कोप्रिने रोगको उपचार नहुने थाहा पाएपछि झस्केका छन् । समग्र विकास सेवा केन्द्रको एक दिने कृषि तालिममा पात कोप्रने रोग लाग्न नदिन पहिला नै जरामा औषधि हाल्नुपर्ने भन्ने थाहा पाएका हुन् ।

समग्र विकास सेवा केन्द्रद्वारा गठित र परिचालित रामरहिम सामाजिक परिवारले आफ्नो मासिक बैठकमा कृषि तालिम सञ्चालन गर्न लौकहीका जेटिए सत्यनारायण यादवलाई आमन्त्रण गरी किसानकै बारीमा एकदिने कृषि तालिम सञ्चालन गरिएको थियो ।

जेटिए यादवले बारीमा पुगेर किसानले भोगेका समस्याबारे सोध्दा उनीहरूले सधैं उल्टो तरिकाले उपचार गरिरहेको जानकारी दिएका थिए । यादवले यसबाट अब नोक्सान हुन नदिन उनीहरूले औषधिको नामसहित जानकारी दिए । २०७३ साल मंसीरमा सञ्चालन भएको कृषि तालिममा २४ महिला र तीन पुरुष (दलित २०, पिछडावर्ग २ र मुस्लिम ५ जना) सहभागी थिए ।

सीमान्तकृत समुदायका व्यक्तिहरू आफ्नो उन्नतिका लागि संगठित भएर बनाएको उक्त सामाजिक परिवारले आफ्नै पहलमा कृषि प्राविधिक बोलाएर तालिम सञ्चालन गरे । जेटीए यादव खुशी भएर पशुसेवा कार्यालयका अन्य प्राविधिकलाई समेत तालिम सञ्चालन गर्न सिफारिश गरे । पशुसेवा कार्यालयले विपन्न समुदायमा पशु सेवा शिविर राख्न खोजिरहेको समयमा भएको सम्बन्ध विस्तारले दुवै पक्षलाई फाइदा पुगेको कार्यक्रममा बताइएको थियो ।

रामरहिम सामाजिक परिवारका अध्यक्ष सयद बिबी खातुनले तालिमबाट भएको फाइदाबारे खुसी व्यक्त गर्दै भनिन्, 'तालिमबाट फलफूलहरूमा रोगबाट बचाउन सकिन्छ भन्ने विश्वास जागेको छ ।' ●

# सोलार जडान तालिम

गोरखा : खोप्लाङ गाविस भवनमा ४५ दिने सोलार जडान तथा मर्मत तालिम सञ्चालन भयो । समग्र विकास सेवा केन्द्रको व्यवस्थापन र साना उद्योग तथा घरेलु कार्यालय गोरखाको आर्थिक सहयोगमा उक्त तालिम सञ्चालन भएको हो ।

तालिममा अन्नपूर्ण, मिर्मिरे, रामचन्द्र, ठूलो पोखरी, मिलीजुलीलगायत सामाजिक परिवारका १० जना पुरुषहरू सहभागी थिए । तालिमपछि सहभागीले आफूहरू सोलार जडान तथा मर्मत गर्नेसक्ने भएको बताउँदै अब गाउँमै रोजगारीको संभावना बढेको बताए ।●

# आर्थिक सुशासन तथा लेखा व्यवस्थापन तालिम



काठमाडौं : गोकर्णेश्वर नगरपालिका वडा नं. १ ओखनीमा रहेका सामाजिक परिवारका सदस्यहरूलाई एकदिने आर्थिक सुशासन तथा लेखा व्यवस्थापन तालिम सम्पन्न भयो । २०७३ मंसिर १८ गते ईश्वरी निमावि, चिलाउनेमा आयोजित उक्त तालिममा ओखनी क्षेत्रका माझगाउँ, बाघद्वार, शिवपुरी दीपज्योति र सुन्दरीमाई गरी ४ वटा सामाजिक परिवारका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू गरी २७ जना महिला सहभागी थिए ।

तालिममा सामाजिक परिवारका सदस्यहरूसँग आर्थिक सुशासनका बारेमा छलफल भयो । तालिमा सहभागीलाई पासबुक, लेजर भर्न र त्यसलाई मान्यूटिङ गर्न सिकाइएको थियो । शिवपुरी दीपज्योति सामाजिक परिवारका अध्यक्ष कृष्णकुमारी तामाङले तालिमले आगामी दिनमा सामाजिक परिवारमा हिसाबकिताब राख्न, माइन्यूट लेख्न र ऋण वितरण गर्न सजिलो हुने बताइन् । काठमाडौंको सुन्दरीजलमा रहेको गणेश बुद्ध सामाजिक परिवारको व्यवस्थापन र समग्र विकास सेवा केन्द्रको आयोजनामा सम्पन्न तालिमलाई समग्र विकास सेवा केन्द्रका काठमाडौं जिल्ला संयोजक रामहरि धितालले सहजीकरण गरेका थिए ।

# त्रैमासिक समीक्षा



धादिङ : तसर्पुको पालुवा सामाजिक परिवारमा नेपाली भाषामा कुराकानी भइरहेको थियो । राम्रोसँग खुलेर चाहि छलफल हुनसकेको थिएन । जब लमजुङकी रीना तामाङले आफ्नो मातृ भाषामा कुरा गर्न थालिन्, एकाएक सबै खुले तँछाडमछाड गरी आफ्नै घरपरिवारमा सल्लाह गरेजस्तो गरी सबैले छलफलमा सक्रियता बढाए । त्यसमाथि गोरखा, धावाकी सहउत्प्रेरक सानुमाया तामाङले आफ्नो भाषामा आफूले गरेका सामाजिक परिवारका क्रियाकलापहरू र नतिजासम्बन्धी अनुभव थपेपछि वातावरण झन् रमाइलो भयो । उनीहरुले छलफलका क्रममा आफूले सामाजिक परिवार गठन गरेपछि गरेका कार्यहरु, प्रगति, भूकम्पका कारण भोगेका अप्ठ्यारा र त्यसको लागि पहल गरी बनाएको खानेपानी आयोजनाबारे जानकारी दिए । अरु ठाउँमा सामाजिक परिवारले गरेका कार्यहरुबारे जानकारी समेत लिए ।

समग्र विकास सेवा केन्द्रको कार्यक्रम सञ्चालित क्षेत्रमध्ये पहाडी चार जिल्लाहरु काठमाडौं, धादिङ, गोरखा र लमजुङ जिल्लाका संयोजक, सह/उत्प्रेरकहरु त्रैमासिक समिक्षाको क्रममा २०७३ साल कार्तिक १० गते तसर्पु पुगेका थिए । यस्तो समीक्षा समग्र विकास सेवा केन्द्र कार्यक्रम सञ्चालित क्षेत्रमै पुगेर अन्तरक्रिया गरी अनुभव साटासाट गर्दै आएको छ । उक्त टीम धादिङको तसर्पु गाविस ९, दामेचौरमा कार्तिक ९ गतेदेखि ३ दिने समीक्षा कार्यशाला गर्न पुगेको थियो ।

समीक्षामा गत तीन महिनामा योजना अनुरुप गर्नुपर्ने क्रियाकलापहरुको कार्यान्वयनको अवस्था, त्यसले ल्याएको वा ल्याउन लागेको नतिजा, रुपान्तरणका कथाहरु, भोगेका समस्या र समाधानका उपायहरुबारे छलफल गरेका थिए । आगामी तीन महिनामा गर्ने कार्यका योजनाका बारेमा विस्तृत छलफल गरिएको थियो । आवश्यक परिमार्जन गर्नुपर्ने र थप जोड दिनुपर्ने कुराहरुबारेमा एकअर्काको ध्यानाकर्षण पनि गरिएको थियो ।



# संविधानमा स्थानीय सरकार

*संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनूसूची छन् । भाग १७ मा स्थानीय कार्यपालिका छ, जुन धारा २१४ देखि लिपिबद्ध छन् ।*

**भाग-१७ स्थानीय कार्यपालिका**

**२१४. स्थानीय तहको कार्यकारिणी अधिकार :** (१) स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ । (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । (३) यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ । (४) गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ । (५) उपधारा (४) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुनेछ ।

**२१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था :** (१) प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहनेछ । निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुनेछ । (२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् । (३) अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्नेछन् । स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "अध्यक्ष र उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष सम्झनु पर्छ । (४) धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् ।
(५) देहायको योग्यता भएको व्यक्ति अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :- (क) नेपाली नागरिक, (ख) एक्काइस वर्ष उमेर पूरा भएको, (ग) गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र (घ) कुनै कानूनले अयोग्य नभएको । (६) अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ । (७) अध्यक्षको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति गाउँपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । (८) देहायको कुनै अवस्थामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ :- (क) अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्षले अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा, (ख) निजको पदावधि समाप्त भएमा, (ग) निजको मृत्यु भएमा । (९) अध्यक्ष वा उपाध्यक्षको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (७) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ ।

**२१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था :** (१) प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुनेछ । (२) उपधारा (१) बमोजिमको नगर कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् । (३) प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन् ।
स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "प्रमुख र उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख सम्झनु पर्छ । (४) धारा २२३ बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने छन् । (५) देहायको योग्यता भएको व्यक्ति प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :- (क) नेपाली नागरिक, (ख) एक्काइस वर्ष उमेर पूरा भएको, (ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र (घ) कुनै कानूनले अयोग्य नभएको । (६) प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ । (७) प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । (८) देहायको कुनै अवस्थामा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ :-(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुखले प्रमुख समक्ष लिखित राजीनामा दिएमा, (ख) निजको पदावधि समाप्त भएमा,(ग) निजको मृत्यु भएमा ।(९) प्रमुख वा उपप्रमुखको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (८) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ ।

# मासु पसलले फेरेको जीवन

भालेको डाकोसँगै सुरु हुन्छ- नौमायाको दैनिकी । दैलो-कसिंगर गरेपछि कुखुराको धन्दामा लाग्छिन् उनी । गाउँमा मासु पसल पनि खोलेकी छिन् नौमायाले । लमजुङको नौथरस्थित सेराबजारबाट तीन घण्टा हिँडेर कुखुरा खरिद गर्नु र आफ्नो पसलमा लगेर बेच्नु उनको दैनिक कार्य हो ।

एक छोरा र एक छोरीकी आमा हुन्, २५ वर्षीया नौमाया। औपचारिक शिक्षा पाँच कक्षा मात्र पढेकी छिन् उनले । ९ वर्षपहिले बुद्धसिं गुरुङसँग बिवहा भएको थियो। उनको त्यसबेला घरको आर्थिक अवस्था कमजोर थियो। त्यसैले तीन वर्षअघि रोजगारीका लागि भारतमा गएका छन् नौमायाका पति बुद्धसिं, जो एउटा मात्र आँखा देख्छन्। सात वर्षीया छोरी र दुई वर्षे छोरा हुर्काउने, वढाउने, पठाउने जिम्मा उनैको काँधमा छ ।

पतिले विदेशबाट कमाएर पठाएको पैसामा रमाउने आम पत्नीहरूभन्दा केही फरक छिन् उनी । उनले पतिले कमाएर पठाएको पैसा वचत गरेर राखेकी छन् । छोरीको पढाइ र घर खर्च चलाउन मासु पसल चलाएर खर्च जुटाइरहेकी छिन् ।

'स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रमको सहयोगमा समाजिक परिचालन कार्यक्रम' अन्तर्गत नौथर गाविसका ९३० घरपरिवारमध्ये विपन्नता स्तरीकरण मापनको आधारमा पाँच पुरुष र २५ जना महिला समेटेर नागरिक सचेतना केन्द्रको स्थापना गरियो छ वर्षअघि ।

सचेतना केन्द्रमा रोचक ढंगले घरपरिवार, छिमेक, समुदायमा भएका समस्याहरूमाथि हुने छलफलबाट समाधानको बाटो खोज्छन् सदस्यहरू । नागरिकका हक-अधिकार र कर्तव्यका कुरा, व्यक्तिगत घटना दर्ता, विभिन्न सरकारी निकायबाट उपलब्ध हुने सेवाहरू



**नौमाया गुरुङ**

र सेवा प्राप्त गर्ने प्रक्रियाबारेमा पनि छलफल हुने गर्दछन् ।

नागरिक सचेतना केन्द्रका ३० सदस्यमध्येकी हुन् नौमायाँ गुरुङ पनि। केन्द्रमा आउनुअघि उनी पूरै समय मेलापात, घाँस-दाउरा, चुलोचौको, बालबच्चा स्याहारसुसारमा बिताउँथिन्। अन्य सदस्यको दिनचर्या पनि नौमायाको जस्तै गरी बित्ने गर्दथ्यो ।

सरकारी तथा गैरसरकारी निकायले दिने सेवा-सुविधाबारेमा केही थाहा थिएन। 'जब केन्द्रमा सहभागी भई गरिबीका कारणबारे छलफल गर्न थालियो, बल्ल हाम्रो बुद्धि पलाउन थाल्यो', नौमायाले भनिन्। नियमित रूपमा नागरिक सचेतना केन्द्रमा जान थालेपछि उनमा आत्मविश्वास बढ्यो। पहिले नाम सोध्दा पनि बताउँन हिच्किचाउने उनी अहिले आफ्ना कुरा निर्धक्कसँग राख्न सक्छिन्। शौंचालयको प्रयोग, गाउँघर सरसफाइमा पनि अग्रसर भइन् उनी ।

आफ्नो खेतीको उब्जनीले वर्षमा चार महिना खान पनि धौ-धौ पर्थ्यो- नौमायाको परिवारलाई । जिविस लमजुङले नागरिक सचेतना केन्द्रका सदस्यको जीविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत घुम्तिकोष सञ्चालनका लागि एक लाख रुपैयाँको दिएको थियो । त्यसै रकमबाट उनले १० हजार सापटी लिइन्, अनि आफ्नै घरमा मासु पसल खोलिन् ।

कुखुरा राख्न खोर बनाइन् । मासु काट्ने औजार व्यवस्था गरिन्। अहिले त उनी ग्राहकको मागअनुसार सातामा तीन/चार पटकसम्म पनि कुखुरा ल्याएर मासु बेच्ने गरेको बताउँछिन्। उनको मासिक कमाइ छदेखि आठ हजार रुपैयाँसम्म हुने गरेको छ ।

आफू पछि पर्नुको कारणबारे उनी भन्छिन्, 'चेतनाको कमी थियो। बाआमासँग पैसा थिएन । त्यसमाथि छोरीलाई पढाउन हुन्न भन्ने संकुचित भावना पनि थियो । त्यसैले मैले पढ्न पाइनँ। पढ्न नपाएकोमा सबैभन्दा बढी गुनासो छ।'

आफुले जस्तो दुःख सन्तानले भोग्न नपरोस् भन्नेमा उनी सचेत छिन्। भन्छिन्, 'म मेरा छोराछोरीलाई पढ्छु भनेसम्म पढाउन सकौं भन्ने इच्छा छ।' उनी नारीले पशुपंछी काटमार गर्न हुन्न भन्ने सामाजिक परम्परालाई तोड्नुपर्ने धारणा राख्छिन्। उनी भन्छिन्, 'पुरुषले मात्र काटमार गर्ने चलन छ तर श्रीमान घरमा हुनुहुन्न । मलाई जिउँदो कुखुरा काटेर बेच्न कठिनाइ भएको छ। सधैं कति अरुलाई बोलाएर काट्न लगाउनु, अब बिस्तारै-बिस्तारै आफैं गर्नुपर्ला त्यो काम पनि ।'